ललितपुर उद्योग वाणिज्य संघ
LALITPUR CHAMBER OF COMMERCE & INDUSTRY
LCCI

# ललितपुर उद्योग वाणिज्य संघको ५४ औं स्थापना दिवस सम्पन्न

मिति २०७७ चैत्र ४ गते

ललितपुर उद्योग वाणिज्य संघको ५४ औं स्थापना दिवस चैत्र ४ गते संघको बालकुमारी स्थित भवन (क्याथफोर्ड कलेज) मा विभिन्न कार्यक्रमको आयोजना गरि मनाईयो । कार्यक्रममा ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री मनोज बहादुर न्याछ्योंले जिल्लाको आर्थिक क्रियाकलापमा सक्रिय रुपमा सहभागी भै राष्ट्रको आर्थिक बिकासमा ठोस योगदान पुऱ्याउन, उद्योग तथा व्यापार व्यवसायको संरक्षण, सम्बर्द्धन एवं प्रवर्द्धन गर्ने उद्देश्यले विक्रम सम्बत २०२३ चैत्र ४ गतेका दिन स्वर्गिय श्री बेखा नाथ श्रेष्ठज्यूको नेतृत्वमा स्थापना गरिएको यस ललितपुर उद्योग वाणिज्य संघ अनेकौ आरोह अवरोह पार गर्दै आज ५४ औं वर्षसम्ममा आई पुग्दा यस संघ सवल, सक्षम र सुदृढ संस्थाको रुपमा रहि आफ्ना सदस्यहरुमाझ लोकप्रिय र ललितपुर जिल्लाको विभिन्न संघ संस्था, गुठी, क्लव तथा स्थानियबासीहरुको समेत आस्थाको धरोहरको रुपमा रहेको बताउनु भयो ।

देशले लामो समय देखि व्यापार घाटा व्यहोर्दै आएको छ । आजको वर्तमान अवस्थामा स्वदेशी उत्पादनको प्रयोगलाई बढावा दिनुका साथै संचालित उद्योगलाई फष्टाउन आवश्यक नीति नियमहरुको निर्माण गर्न अत्यन्त आवश्यक भई सकेकोछ । ललितपुर जिल्लामा उत्पादित हस्तकला तथा कृषिजन्य वस्तुहरु निर्यात गरी केहि हद सम्म व्यापार घाटा कम गर्न सकिन्छ भन्नेमा ललितपुर उद्योग वाणिज्य संघ विश्वस्त छ । सरकारले सदैव आयात प्रतिस्थापन गर्ने कुरा मात्र गर्दछ तर व्यवहारमा ठिक उल्टो कार्य भई रहेको हामीलाई महशुस भई रहेको छ । उद्योग व्यापारको प्रगति एवं स्थायित्व विना कुनै पनि राष्ट्रले न त आयात प्रतिस्थापन गर्न सकिन्छ, न त राष्ट्रको आर्थिक विकास नै गर्न सकिन्छ । अत: यस तर्फ सरकारले विशेष ध्यान दिनु जरुरी छ भनि ध्यानाकर्षण गराउनु भयो ।

कोभिड पछि हाम्रो अर्थतन्त्रको आधारभूत संरचना नै बदलिएको छ । आयातमुखी अर्थतन्त्रलाई आत्मनिर्भर अर्थतन्त्रतर्फ रुपान्तरणका लागि अब उपयुक्त अवसर आएकोछ । विदेशमा रहेका दक्ष जनशक्ति फर्कने क्रम जारी रहेकोले नेपालमा स्वरोजगारमूलक अवसर सिर्जना गर्ने अवसर एकातिर छ भने दक्ष जनशक्ति मार्फत हाम्रा कला कौशलका वस्तुहरु उत्पादनका साथै कृषिजन्य बस्तुहरु निर्यातका लागि पनि उत्तिकै अवसर आएको छ । यसका लागि तीनवटै तहका सरकार र निजी क्षेत्र मिलेर अगाडि बढ्नु आवश्यक छ भन्नु भयो

कोरोनाका कारण हाम्रो अर्थतन्त्रमा जतिसुकै निरासका काला बादलहरु मडारिए पनि हाम्रो अन्तिम लक्ष्य भनेको समृद्ध नेपाल र सुखी नेपाली नै हो । यसमा ललितपुर उद्योग वाणिज्य संघ सरोकारवाला सबैसँग समन्वय गरि अगाडि बढ्ने छ । संसारमा हामीभन्दा सीमित साधन र स्रोत भएका मुलुकहरुले छोटो समयमा उल्लेख्य प्रगति गरेको उदाहरण छन् । हामीमा तुलनात्मक रुपमा कोभिडको असर अरु मुलुकको तुलनामा कम परेकाले हामी चाँडै उठ्नेछौं । सरकार र निजी क्षेत्रबीचको विश्वास र सहकार्यबाटै हामीले सम्बृद नेपाल र समुन्नत ललितपुरको सपना साकार पार्नेछौं भन्नु भयो ।

P.O. Box : 26 (Lalitpur)
Tel : 977-1-5521740, 5530663, 5539963
Fax : 977-1-5530661
STOP Child Labour
पो.ब.नं. : २६ (ललितपुर)
फोन : ९७७-१-५५२१७४०, ५५३०६६३, ५५३९९६३
फ्याक्स : ९७७-१-५५३०६६१
E-mail: lcci@ntc.net.np, Website: www.lcci.org.np, Facebook: www.facebook.com/lcci.org.np

यस संघका पूर्व अध्यक्ष श्री शैलेन्द्र लाल प्रधानले यस संघलाई भौतिक श्रोत साधनले सम्पन्न बताउन पूर्व अध्यक्षहरुको महत्वपूर्ण योगदान रहेको माथी चर्चा गर्नुभयो । यस संघको २०४५ साल सम्म भवन नभएकोले दुःख भएको बताउनु हुँदै धेरै मेहनत र आरोह अवरोहलाई पार गरि हाल सचिवालय रहेको मंगलबजार र यस बालकुमारीमा संघको भवन बनाउन सफल भएको बताउनु भयो । उद्योगी, व्यवसायहरुको धेरै समस्याहरु रहका छन् समय सापेक्ष अनुसारको सेवा, सुविधाहरु प्रदान गरि जान सकोस् भनि शुभ कामना व्यक्त गर्नुभयो ।

ललितपुर महानगरपालिकाका मेयर श्री चिरीबाबु महर्जनले ललितपुर महानगरपालिका र ललितपुर उद्योग वाणिज्य संघ दाजु - भाई कै हैसियतमा हातेमाले गरि अगाडि बढेको माथी चर्चा गर्नु हुँदै यसमा सफलता मिलेको बताउनु भयो । यसको ज्वलन्त उदाहरण ललितपुर महानगरपालिका र ललितपुर उद्योग वाणिज्य संघको अगुवाईमा भिमसेन मन्दिरको पुनर्निर्माण कार्य द्रुत गतिमा भई रहकोमा अब ४ चार महिनामा यसको निर्माण सम्पन्न हुने बताउनु भयो । ल.उ.वा.संघको सहकार्यमा ललितपुर महानगरपालिकाले कोभिड १९ ले थला परेका उद्योगी व्यवसायीहरुलाई १० देखि १३ प्रतिशतसम्म व्यवसाय कर छुट प्रदान गरिएकोमा यसमा व्यवसायीहरुलाई धेरै राहत मिलेको आफुले अनुभव गरेको बताउनु भयो ।

मेयर श्री चिरी बाबु महर्जनले यस जिल्लाको विकासको लागि ल.पु.महानगरपालिकाले सम्बन्धित निकायसंग स्वास्थ, शिक्षा, बाटो, घाटो, खानेपानी, ट्राफिक व्यवस्थापन, रात्री लाईटको व्यवस्थाको लागि कार्य गरिहेको साथै अब मेला महोत्सवको पनि आयोजना गरिने भन्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंका अध्यक्ष शेखर गोल्छाले बैकहरुले कर्जामा लिने चर्को ब्याजदरका कारण उद्योगधन्दा सञ्चालन गर्न सकिने अवस्था नरहेको बताउँदै ब्याज दर घटाउन जोड दिनुभएको छ ।

ललितपुर उद्योग वाणिज्य संघको ५४ औं स्थापना दिवसको अवसरमा बुधबार बालकुमारीमा आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले सो कुरामा जोड दिनुभएको हो ।

कोरोनाबाट धराशायी भएको अर्थतन्त्र उकास्दै आर्थिक वृद्धिका लागि बैकहरुले ब्याज दर घटाउनुको विकल्प छैन । अध्यक्ष गोल्छाले भन्नुभयो ब्याज दर घटाउने विषयमा नेपाल राष्ट्र बैकको ध्यान जानुपर्दछ । उहाँले कोरोना महामारीबाट अति प्रभावित उद्योगी व्यवसायीलाई सरकारले मौद्रिक नीति मार्फत सम्बोधन गर्न खोजे पनि ठूला उद्योगी व्यवसायी मात्रै लाभान्वित हुने अवस्था आएको बताउनुभयो ।

मौद्रिक नीतिबाट साना तथा मझौला उद्योगी व्यवसायीलाई राहत पाउन सकेको छैन, अध्यक्ष गोल्छाले भन्नुभयो महासंघको प्राथमिकता पनि साना तथा मझौला व्यवसायीलाई राहत उपलब्ध गराउने तर्फ रहेकोछ ।

P.O. Box : 26 (Lalitpur)
Tel : 977-1-5521740, 5530663, 5539963
Fax : 977-1-5530661

STOP Child Labour

पो.ब.नं. : २६ (ललितपुर)
फोन : ९७७-१-५५२१७४०, ५५३०६६३, ५५३९९६३
फ्याक्स : ९७७-१-५५३०६६१

E-mail: lcci@ntc.net.np, Website: www.lcci.org.np, Facebook: www.facebook.com/lcci.org.np

कृषिलाई व्यावसायिक बनाउँदै साना तथा मझौला उद्योग व्यवसायमा लगानी बढाउन सकिए नेपालको आर्थिक वृद्धिदर दुई अंकमा पुऱ्याउन सकिने पनि अध्यक्ष गोल्छाको भनाई रहेको छ। उहाँले कृषि क्षेत्रमा रहेको परम्परागत उत्पादनलाई प्रतिस्थापन गरी बढी फाइदा दिने वस्तुहरूको उत्पादन गर्नेतर्फ किसानहरूलाई प्रोत्साहन गर्नुपर्नेमा पनि जोड दिनुभयो । साथै उहांले समग्र उद्योग वाणिज्य क्षेत्रको विकासको लागि नेपाल उद्योग वाणिज्य महासंघले छिट्टैनै गुरु योजना ल्याउने समेत बताउनुभयो ।

सो अवसरमा संघले संघको सदस्यता ग्रहण गरि २५ वर्ष पुरा भएका ३६ वटा फर्मका आदरणीय सदस्य महानुभावहरुलाई सम्मान गरि सम्मान - पत्र प्रदान गरिएको थियो भने श्रष्टा सम्मान वरिष्ठ कलाकार श्री वत्स गोपाल वैद्यलाई प्रदान गरिएको छ ।

कार्यक्रम संचालन महासचिव श्री रुपक मान महर्जनले गर्नु भएको थियो भने धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष श्री विश्व राज बज्राचार्यले दिनु भएको थियो ।

५४ औं स्थापना दिवस मनाउने सिलसिलामा २०७७ फाल्गुण २९ गते शनिवार मंगलबजार महारानी पोखरीमा आयोजित रक्तदान कार्यक्रममा यस संघका अध्यक्ष, पदाधिकारी, कार्यसमितिका सदस्यहरु, समितिका सदस्यहरु, बस्तुगत संघका अध्यक्षहरु, संघका सदस्यहरु, लब्ध प्रतिष्ठित उद्योगी, व्यावसायी, र सर्वसाधारणले समेत रक्तदान गर्नु भएको थियो ।

( रुपक मान महर्जन )
महासचिव




P.O. Box : 26 (Lalitpur)
Tel : 977-1-5521740, 5530663, 5539963
Fax : 977-1-5530661

STOP Child Labour

पो.ब.नं. : २६ (ललितपुर)
फोन : ९७७-१-५५२१७४०, ५५३०६६३, ५५३९९६३
फ्याक्स : ९७७-१-५५३०६६१

E-mail: lcci@ntc.net.np, Website: www.lcci.org.np, Facebook: www.facebook.com/lcci.org.np